पोखरा उपत्यका साइडसिन घुम्न जाऔं
घुमाउने ठाउँहरू
बेगनास-रुपा ताल, पचभैया बन्यजन्तु पार्क (चिडिया घर), पुम्दीकोट, स्तुपा, डेभिडफल, भ्यूटावर, चमेरे गुफा, विन्दवासिनी मन्दिर, माउन्टेन म्यूजियम लगायतका ठाउँहरु साथै मुक्तिनाथ जान आउनको लागि बसको सुबिधा।
गाडी छुट्ने समय बिहान ९:३० बजे
सम्पर्कः मानसरोबर टुर्स एण्ड ट्राभल्स
061-544439, 589012, 9856051659 9856034631, 9856082622

राष्ट्रिय दैनिक
# पोखरापत्र
Pokharapatra National Daily

रु. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्कः
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २६ ❑ अङ्क ६८ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८१ चैत ९ गते शनिबार ❑ 22 March 2024 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।-

## पोखरा र चीनको लुम्फाउ नगरबीच पर्यटनलगायत क्षेत्रमा सहकार्य हुने

**बासुदेव पौडेल**
सिचुवान, ८ चैत/रासस

पोखरा महानगरपालिका प्रमुख धनराज आचार्य र चीनको सिचुवान प्रान्तको लुम्फाउ नगर प्रमुख यु छिन्हीबीच लुम्फाउमा औपचारिक भेटवार्ता भएको छ। लुम्फाउ नगरको औपचारिक निमन्त्रणामा आउनुभएका महानगर प्रमुख आचार्य र उहाँसँग सहभागी प्रतिनिधिमण्डललाई लुम्फाउ नगर प्रमुख छिन्हीले स्वागत गर्नुभएको थियो।



प्रतिनिधिमण्डलमा पोखरा महानगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत शिवराज चौलागाईँ, पोखरा महानगरपालिकाका वडा नं २१ का वडा अध्यक्ष दीपक सुवेदी, नेपाल पर्यटन बोर्ड गण्डकी प्रदेश प्रमुख मणिराज लामिछाने, पोखरा पर्यटन परिषद्का अध्यक्ष तारानाथ पहारी, पोखरा भ्रमण वर्ष २०२५ कार्यसम्पादन समितिका संयोजक गोपिबहादुर भट्टराई लगायत सहभागी हुनुहुन्थ्यो।

भेटमा महानगर प्रमुख आचार्यले नेपाल र चीन बीचको युगौंदेखिको सम्बन्ध भएको बताउँदै असलमित्र राष्ट्रका रूपमा आफूहरूले लिने गरेको बताउनुभयो। पोखरा र लुम्फाउ एक अर्कामा भगिनी सहर भएको बताउँदै उहाँले पोखराबाट सिचुवानको छेन्दुमा सुरू गरिएको व्यावसायिक उडानले दुवै सहरबीचको सम्बन्धलाई अझै मजबुद बनाउने बताउनुभयो। पोखरा-छेन्दु नियमित उडानसँगै पोखरासँग लुम्फाउसँगको सम्बन्धलाई अझ नजिक बनाउने बताउँदै उहाँले यस उडानलाई नियमित गराउनका लागि साथ र सहयोग प्राप्त हुने विश्वास व्यक्त गर्नुभयो। दुई भगिनी सहरबीचको सम्बन्धलाई आगामी दिनमा अझै उचो बनाउने कुरामा आफूहरू लागेको बताउँदै महानगरप्रमुख आचार्यले शिक्षा, स्वास्थ्य, पर्यटन, खेलकुद लगायतका क्षेत्रमा साझेदारी बढाउनका लागि आग्रह गर्नुभयो। पोखरामा परम्परागत चिकित्सा पद्धतिमा विश्वास गरिने उल्लेख गर्दै उहाँले लुम्फाउमा रहेको परम्परागत चिकित्सा प्रणालीका लागि सहकार्य बढाउन आँफूहरूले सहयोग गर्ने बताउनुभयो। चीन सरकारले चिनियाँ नागरिकका लागि २०२५ लाई नेपाल भ्रमण वर्ष घोषणा गरेको अवस्था एवं पोखरा महानगरपालिकाले पोखरा भ्रमण वर्ष २०२५ घोषणा गरेको बताउँदै उहाँले पोखरा सहित नेपालमा चिनीया पर्यटकको आगमन बढ्ने उहाँले विश्वास व्यक्त गर्नुभयो। उहाँले लुम्फाउ नगर प्रमुख छिन्ही सहित प्रतिनिधिमण्डललाई पोखराको औपचारिक भ्रमणका लागि आग्रह गर्नुभयो। लुम्फाउ नगरका प्रमुख यु छिन्हीले पोखरासँगको द्विपक्षीय सम्बन्धलाई भगिनी शहरका रूपमा आगामी दिनमा अझै प्रगाढ बनाएर लैजाने विश्वास व्यक्त गर्नुभयो। पोखरासँग शिक्षा स्वास्थ्यसँगै पर्यटन, संस्कृति, कृषि, खेलकुद आदि क्षेत्रमा सहकार्य गर्न आँफूहरू तयार रहेको उहाँको भनाइ छ। चीनमा परम्परागत चिकित्सा पद्धति लामो समयदेखि प्रभावकारी रूपमा सञ्चालन भइरहेको बताउँदै उहाँले नेपालको आयुर्वेदिक चिकित्सा पद्धतिसँग पनि सहकार्य गर्ने उहाँले बताउनुभयो। नेपालका भएका जडिबुटीबाट औषधी निर्माण, तथ्यांक संकलन जस्ता कुरामा सहकार्य बढाउन सकिने उहाँको भनाइ छ। पोखरासँग लुम्फाउको भौगोलिक अवस्थिति पनि मिल्दोजुल्दो भएको बताउँदै उहाँले यहाँको जनसङ्ख्या ठूलो रहेको हुँदा राम्रो बजारीकरण हुन सकेमा पर्यटनका क्षेत्रमा पनि महत्वपूर्ण सहयोग पुग्न सक्ने उहाँले बताउनुभयो। पोखरा र लुम्फाउबीच पर्यटन एवं संस्कृति विभागबीच सहकार्य एवम् समन्वयका साथै त्यहाँका प्रवद्धनात्मक समाग्रीहरू पठाउन पनि उहाँले आग्रह गर्नुभयो।

नेपाल पर्यटन बोर्ड गण्डकी प्रदेश प्रमुख मणिराज लामिछानेले पोखराबाट चीनको छेन्दुसम्म सुरू भएको व्यावसायिक उडान आगामी दिनमा पोखरा र लुम्फाउको सम्बन्ध विस्तारका लागि महत्त्वपूर्ण उपलब्धि भएको बताउनुभयो। नेपाल चीनबीचको औपचारिक सम्बन्ध गाँसिएको ७०औँ वर्ष गाँठ मनाइरहँदा चीन सरकारले घोषणा गरेको नेपाल भ्रमण २०२५ र पोखरा महानगरपालिकाले घोषणा गरेको पोखरा भ्रमण वर्ष २०२५ समेतका कारण पोखरासहित नेपालमा चिनियाँ पर्यटकको आगमन बढ्ने विश्वास गरिएको उहाँको भनाइ छ। नेपालको पर्यटन बजारको महत्त्वपूर्ण स्रोत चीन भएको बताउँदै उहाँले चिनियाँ पर्यटकलाई लक्षित गरी होटेल रेष्टुरेण्ट एवं पर्यटक पथप्रदर्शकहरू तयार रहेको बताउनुभयो। लुम्फाउ र पोखराबीचको पर्यटकीय सम्बन्धलाई अघि बढाउनका लागि पोखरा-छेन्दु उडानलाई नियमित बनाउँदै अधिकतम पर्यटक पठाउनका लागि उहाँले आग्रह गर्नुभयो। पोखरा महानगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत शिवराज चौलागाईंले लुम्फाउ नगर प्रमुखसहितको प्रतिनिधि मण्डल चाँडै नै पोखरामा औपचारिक भ्रमणमा आउने विश्वास व्यक्त गर्दै आफूहरू स्वागतको पर्खाइमा रहेको बताउनुभयो। लुम्फाउ सहरको सुन्दरता र भइरहकेको विकास अद्भुत रहेको बताउँदै उहाँले यहाँ पोखराका लागि जान्ने र बुझ्ने कुरा धेरै पाइएको बताउनुभयो। पोखरा-छेन्दु नियमति उडानका लागि लुम्फाउका तर्फबाट महत्त्वपूर्ण सहयोगको अपेक्षा गरिएको बताउँदै उहाँले यसले दुवै भगिनी सहरको सम्बन्धलाई अझै उचाइमा पुऱ्याउने विश्वास व्यक्त गर्नुभयो। पोखरा भ्रमण वर्ष २०२५ कार्यसम्पादन समितिका संयोजक गोपीबहादुर भट्टराईले पोखरामा चिनियाँ पर्यटक लक्षित पूर्वाधारहरू पर्याप्त रहेको बताउँदै आफूहरू चीनबाट अधिकतम पर्यटकको स्वागतको पर्खाइमा रहेको बताउनुभयो। भेटमा लुम्फाउ नगरका तर्फबाट साउथ वेष्ट मेडिकल युनिभर्सिटीका अध्यक्ष हि ताओ, नगरका उपप्रमुख लुओ सुपिङलगायतको उपस्थिति रहेको थियो।

## विसं २०८४ सम्म प्रधानमन्त्रीको दौडमा छैन : अध्यक्ष दाहाल

**रासस**
काठमाडौं, ८ चैत

नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'ले आफू २०८४ सालसम्म प्रधानमन्त्रीको दौडमा नरहेको बताउनुभएको छ।

प्रेस सेन्टर पर्साले वीरगञ्जमा शुक्रबार आयोजना गरेको 'जनतासँग माओवादी तराई-मधेस जागरण अभियान'का क्रममा वीरगञ्जमा आयोजित पत्रकार सम्मेलनमा अध्यक्ष दाहालले भन्नुभयो, "म अब २०८४ सालसम्म प्रधानमन्त्री हुन्न। म जनतासँगै रहन्छु। जनताका समस्या सदनमा उठाउँछु।"

पूर्वप्रधानमन्त्री दाहालले सरकारमा हुँदा एउटा र सरकारबाहिर हुँदा अर्को भन्ने कुरा माओवादी केन्द्रको हकमा लागू नहुने उल्लेख गर्नुभयो। "हामीले सरकारमा हुँदा भ्रष्टाचारीलाई कारबाहीको दायरामा ल्याएका थियौँ," उहाँले भन्नुभयो।

अध्यक्ष दाहालले पत्रकार सम्मेलनअघि वीरगञ्जमा 'माओवादीसँग समुदाय' संवाद कार्यक्रममा तराई-मधेस हुलाकी राजमार्ग केन्द्रित जागरण अभियानअन्तर्गत झापादेखि पर्सासम्म आइपुग्दा हुलाकी राजमार्गलाई अघि बढाउने कार्यमा अफ्नो पहल कदमी रहेको बताउनुभयो।

फरक प्रसङ्गमा अध्यक्ष दाहालले वीरगञ्जको मुख्य सडक छेउमा बसोबास गर्ने जनतालाई विस्थापित गर्न नहुने धारणा राख्नुभयो। "वीरगञ्जमा बाइपासलगायत ठूला संरचनाका सडक तयार भइसकेका छन्। तर जनतालाई विस्थापित गर्ने गरी सडक विस्तार अभियान अघि बढाउन हुँदैन," उहाँले भन्नुभयो।

## कांग्रेस महाधिवेशन २०८२ मंसिर भित्रै हुनुपर्छ : नेता डा कोइराला

**रासस**
काठमाडौं, ८ चैत

नेपाली कांग्रेसका नेता डा शेखर कोइरालाले पार्टीको १५औँ महाधिवेशन २०८२ मङ्सिर मसान्तभित्रै हुनुपर्ने बताउनुभएको छ।

नेपाली कांग्रेस मोरङ-काठमाडौँ सम्पर्क समितिले आज काठमाडौँमा आयोजना गरेको 'देशको वर्तमान अवस्था, चुनौतीहरू र नेपाली कांग्रेसको भूमिका' का विषयक अन्तरक्रिया कार्यक्रममा नेता डा कोइरालाले महाधिवेशन २०८२ मङ्सिर मसान्तभित्र नभए पार्टी कमजोर हुँदै जाने बताउनुभयो। उहाँले महाधिवेशन समयमै गर्न सबैले आवाज उठाउनुपर्ने बताउनुभयो। "महाधिवेशन २०८२ मङ्सिरभित्र नभए कांग्रेस कमजोर हुँदै जान्छ। त्यतातिर ध्यान दिनुपर्छ, यो एकदम संवेदनशील कुरा हो," नेता डा कोइरालाले भन्नुभयो। उहाँले राजनीतिक दल र नेतृत्वप्रति जनताको वितृष्णा बढेको उल्लेख गर्दै जनताको निराशालाई हटाउन जरुरी भएको धारणा राख्नुभयो।

नेता डा कोइरालाले कांग्रेस जनताको पार्टी भएकाले कांग्रेसप्रति नागरिकको विश्वास कायमै रहेको बताउनुभयो। जनतासँग गरेका वाचा पूरा गर्न अग्रसर हुनुपर्ने बताउँदै उहाँले नेतृत्व नसुध्रिए अप्ठ्यारो परिस्थिति सिर्जना हुने जिकिर गर्नुभयो। "नेपाली कांग्रेस जनताको पार्टी हो। नेपाली कांग्रेसलाई अहिले पनि जनता विश्वास गर्छ।

तर, हामी सुध्रिनुपर्‍यो। जनतासँग गरेका वाचाहरूलाई पूरा गर्न अग्रसर हुनुपर्‍यो। त्यो गरेनौँ भने अप्ठ्यारो परिस्थिति सिर्जना हुन्छ," नेता डा कोइरालाले भन्नुभयो। कांग्रेसको ध्यान सत्ता र सरकार केन्द्रित भइरहेको उहाँको भनाइ थियो।

## पोखरामा अन्तरराष्ट्रिय नाटक महोत्सव

**पोखरापत्र संवाददाता**
पोखरा, ८ चैत

पर्यटकीय राजधानी पोखरामा शनिबारदेखि 'पोखरा अन्तरराष्ट्रिय नाटक महोत्सव-२०८१' आयोजना हुने भएको छ।

पोखरा थिएटरको आयोजनामा हुने महोत्सव चार दिनसम्म सञ्चालन हुने महोत्सवका निर्देशक माधव कार्की (परिवर्तन) ले पोखरामा आयोजित पत्रकार भेटघाटमा जानकारी दिनुभयो।

उहाँले पोखरालाई अन्तरराष्ट्रिय सांस्कृतिक तथा नाट्य पर्यटनको केन्द्रका रूपमा स्थापित गर्ने उद्देश्यले नाटक महोत्वस आयोजना गर्न लागिएको बताउनुभयो। पोखरा थिएटरमा हुने महोत्सवमा नेपालसहित चीन, ट्युनिसिया, नर्वे, जापानलगायत देशका नाटकहरू मञ्चन हुने जनाइएको छ। "महोत्सवमा विभिन्न विधाका छ नाटक प्रस्तुत हुनेछन्, पोखरालाई सांस्कृतिक पर्यटनका हिसाबले पनि चिनाउन यो महोत्सवले सघाउ पुऱ्याउनेछ", निर्देशक परिवर्तनले भन्नुभयो, "मौलिक लोकधुनको प्रस्तुति, प्रदर्शनी, नाटक कार्यशालालगायतका कार्यक्रमलाई पनि महोत्सवमा समेटिएको छ।" नाटक हेर्न आउने दर्शकलाई टिकटको प्रबन्ध गरिएको छ। महोत्सवमा कलाकार, रङ्गकर्मी, पर्यटन व्यवसायी र संस्कृतिप्रेमीहरूबीच नेपाली नाटक परम्पराबारे अन्तरक्रिया हुने आयोजकले जनाएको छ। महोत्सव आयोजना गर्न रू ३० लाख खर्च लाग्ने अनुमान गरिएको

बाँकी अन्तिम पृष्ठमा ▶▶

### जनहितमा जारी जरूरी सूचना

पछिल्लो समय वन क्षेत्र आसपासको गाउँबस्तीमा बाघ, भालु, चितुवा जस्ता वन्यजन्तुले आक्रमण गरी मानवीय तथा पशुधनको क्षति गरेको हुँदा विशेष गरी सूर्योदय पूर्व विहानको समय र सूर्यास्त पछिको झिसमिसे साँझमा आफू र आफ्ना बालबच्चाको सुरक्षाको लागि उच्च सतर्कता अपनाई साँझको समयमा बालबच्चालाई एक्लै नछाडि दिनु भई सम्भावित क्षति हुनुबाट जोगिन जोगाउनुहुन अनुरोध गरिन्छ। साथै वन क्षेत्रमा घाँस, दाउरा, पात, स्याउला, सोत्तर लगायतका वन पैदावार संकलन गर्न जाँदा एक्लै आफूखुशी हिँडडुल नगर्न नगराउनु हुन र घर आसपासका झाडी सफा गरी साँझको समयमा घर बाहिर बत्ती उज्यालो पारी राख्न समेत अनुरोध छ।

**अनुरोधक**
**गण्डकी प्रदेश सरकार**

सुपथ मूल्यमा आकर्षक छपाइ



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस्।
हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# लुम्बिनी विश्व शान्ति पर्यटनको केन्द्र : मन्त्री पाण्डे

**रासस**
काठमाडौं, ८ चैत

संस्कृति, पर्यटन तथा नागरिक उडडयनमन्त्री बद्रीप्रसाद पाण्डेयले लुम्बिनी बौद्धमार्गीको आस्थाको केन्द्रसँगै विश्व शान्ति पर्यटनको केन्द्र रहेको बताउनुभएको छ ।

दोस्रो लुम्बिनी अन्तर र्ष्ट्रिय शान्ति महोत्सव तथा अन्तरर्राष्ट्रिय ध्यान महोत्सव उद्घाटन समारोहलाई सम्बोधन गर्दै मन्त्री पाण्डेले लुम्बिनी बौद्ध धर्मालम्बीको आस्थाको केन्द्र मात्रै नभइ विश्वभरका शान्तिप्रिय नागरिकको पवित्रस्थल भएकाले शान्ति पर्यटनको केन्द्र भएको बताउनुभयो । विश्वव्यापी रूपमा लुम्बिनीबाट शान्ति, एकता, सद्भाव र मानवताको सन्देश दिन सकिने उहाँले बताउनुभयो ।

विश्वसम्पदा सूचीमा रहेको लुम्बिनीको संरक्षणका लागि मन्त्रालयले काम गरिरहेको मन्त्री पाण्डेले बताउनुभयो ।

नेपालले संस्कृती, आध्यात्मिक र साहसी पर्यटनबाट लाभ लिनसक्ने उल्लेख गर्दै उहाँले यसको प्रमुख गन्तव्य लुम्बिनी हुने बताउनुभयो । उहाँले हालै पर्यटन प्रवर्द्धन, संस्कृती आदानप्रदान र हवाई सेवा विस्तारका लागि थाइल्याण्ड, कम्बोडिया लगायतका देशसँग सहकार्य गर्न सम्झौता भएकाले त्यसको कार्यान्वयनमा लाग्न आग्रह गर्नुभयो । लुम्बिनी विकास कोषका अध्यक्षसमेत रहेका मन्त्री पाण्डेले बुद्धजन्मस्थल लुम्बिनीसँग जोडिएका तिलौराकोट, देवदह र रामग्रामलाई विश्व शान्ति सहर बनाउनुपर्नेमा जोड दिनुभयो । लुम्बिनी विकास कोषका उपाध्यक्ष डा ल्हारक्याल लामाले लुम्बिनी बुद्धको ध्यानका लागि विश्वकै उत्कृष्टस्थल रहेको बताउनुभयो । उहाँले बुद्ध धर्मको उत्पत्ति र शान्तिको सन्देश दिने स्थल लुम्बिनी रहेकाले महोत्सवले त्यसको प्रवर्द्धनमा महत्वपूर्ण भूमिका खेल्ने बताउनुभयो ।

नेपाल पर्यटन बोर्डका कार्यकारी अधिकृत दीपकराज जोशीले लुम्बिनीमा भएको शान्ति महोत्सवले पर्यटन प्रवर्द्धनमा महत्वपूर्ण योगदान पुग्ने बताउनुभयो । उहाँले लुम्बिनी विश्वभरका बौद्धमार्गीसँगै विश्वभरका शान्तिप्रियको पनि पवित्रस्थल रहेकाले यहाँ गरिएको शान्ति महोत्सव, ध्यान, सांस्कृतिक कार्यक्रमले विश्वभर सकरात्मक सन्देश जाने बताउनुभयो । कार्यक्रममा नेपालका लागि चिनियाँ राजदूत चेन सोङले चीनले नेपालसँगको सम्बन्धलाई दिगो बनाउन पवित्रस्थल लुम्बिनीमा दोस्रो पटक लुम्बिनी अन्तरराष्ट्रिय शान्ति सम्मेलन आयोजना गरेको बताउनुभयो । उहाँले महोत्सवबाट नेपाल, चीन र अन्य राष्ट्रबीच सांस्कृतिक, खेलकुद, धार्मिक र जनस्तरको सम्बन्ध आदानप्रदान गर्न सहज हुने विश्वास व्यक्त गर्नुभयो

सम्मेलन उद्घाटनका अवसरमा मायादेवी मन्दिर उद्यानमा एक सय भिक्षु र चार सय साधकको सहभागितामा ध्यान गराइएको थियो । शनिबार 'खेलकुद र विकासका लागि अन्तरर्राष्ट्रिय शान्ति दिवस'को अवसरमा तेस्रो लुम्बिनी अन्तरराष्ट्रिय शान्ति म्याराथन कार्यक्रम राखिएको नेपाल ओलम्पिक कमिटिका अध्यक्ष जीवनराम श्रेष्ठले जानकारी दिनुभयो । चिनियाँ दूतावाससँगको सहकार्यमा संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयसहित विभिन्न निकायको आयोजनामा बिहीबारदेखि उक्त महोत्सव सुरु भएको हो ।



तीर हान्दै खेलाडीः मुस्ताङमा थकाली जातीको महान पर्व फागु पूर्णिमा (तोरन्ल्ह)को अवसरमा तीर हान्दै खेलाडीहरु । वर्षमा एक पटक आउने यो पर्वमा पछिल्लो केही वर्ष यता सादा तारा (तीर)खेल्ने खेलाडीको उपस्थिति बाक्लो हुने गरेको छ । आधुनिक तारा (आर्चरी) खेल महङ्गो हुँदै जादा मुस्ताङ पुनः परम्परागत तारा खेलको बिकास हुन थालेको हो । तस्बिरः सुशीलबाबु थकाली/रासस

# सार्वजनिक लेखा समितिले उजुरीको निष्कर्ष १५ दिनभित्र गर्ने

**रासस**
काठमाडौं, ८ चैत

प्रतिनिधिसभा, सार्वजनिक लेखा समितिले ४८ वटा उजुरी छानबिन गरी १५ दिनभित्र निष्कर्षमा पुऱ्याउने निर्णय गरेको छ ।

समितिको आजको बैठकले त्यसका लागि विषयगत रूपमा सातवटा उजुरी अध्ययन कार्यदल गठन गर्ने निर्णय गरेको सभापति ऋषिकेश पोखरेलले जानकारी दिनुभयो । बैठकमा उहाँले भन्नुभयो, "सात दिनभित्र समिति सचिवालयले सबै उजुरीका सम्बन्धमा तत्तत् निकायसँग प्रतिक्रिया माग गर्ने तथा १५ दिनभित्र सबै उजुरीलाई निर्णयमा पुऱ्याइनेछ ।" समितिले छानबिनका लागि छनोट गरेका उजुरीमा नेपाल टेलिकमसँग सम्बन्धित ६, धितोपत्र बोर्डसगँ सम्बन्धित पाँच, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय मातहतको नागरिक उड्डयन प्रधिकरण, लुम्बिनी विकास कोष, नेपाल वायुसेवा निगमसँग सम्बन्धित ६ छन् । त्यसैगरी नेपाल स्काउट, नेपाल टेलिभिजन, वैदेशिक रोजगार विभाग, अर्थ मन्त्रालय, अमेरिकी सरकारको मिलेनियम च्यालेञ्ज कर्पोरेशन (एमसिसी), क्रसर उद्योग, विद्युत् प्राधिकरण, मोबाइल बैंकिङ, दूरसञ्चार प्राधिकरण, स्वास्थ्य सेवा विभाग, पराष्ट्रमन्त्रालय, खेलकुद परिषद् तथा सहरी विकास मन्त्रालयसँग सम्बन्धित उजुरी रहेको समितिको सचिवालयले जनाएको छ । सरकारी जग्गा फिर्ता, केन्द्रीय अनुसन्धान ब्युरोको सिम लोकेटर खरिद, बिमा र बाटो ग्राभेलसँग जोडिएका उजुरी पनि छन् । विसं २०८० वैशाख १५ गते समिति गठन भएयता एक सय वटा उजुरी परेकामा समितिका सदस्य सञ्जयकुमार गौतमको संयोजकत्वमा गठित उपसमितिले ४८ वटा मात्र छानबिन गर्न सिफारिस गरेको थियो । अरु ५२ वटा उजुरी भने अख्तियारले छानबिन गरिरहेको, अदालतमा मुद्दा चलिरहेको तथा केही उजुरीमा लगाइएको आरोप आग्रह र पूर्वाग्रहबाट मात्र प्रेरित देखिएको, समितिको कार्यक्षेत्रभित्र नपरेका तथा त्यसमा सत्यताको अंश कमजोर भएको उपसमिति सदस्यहरूको भनाइ थियो । पोखरा र भैरहवा विमानस्थल निर्माणमा भएको भनिएको अनियमितता छानबिन उपसमितिलाई पनि आगामी १५ दिनभित्र प्रतिवेदन बुझाउन बैठकले निर्देशन दिएको छ ।

समितिका सदस्यद्वय योगेशकुमार भट्टराईको संयोजकत्वमा भैरहवा र राजेन्द्र लिङ्देनको संयोजकत्वमा पोखरा विमानस्थल निर्माणका बखत भएको भनिएको अनियमितता छानबिन गर्न गठित उपसमितिले काम गरिरहेको छ ।

राष्ट्रको सम्पत्ति दुरुपयोग र अनियमिता नहोस् तथा भ्रष्टाचार अन्त्य र सुशासन प्रवर्द्धनमा सहयोग पुऱ्याउने किसिमका समितिमा प्राप्त उजुरीको तत्काल छानबिन गरी निष्कर्षमा पुऱ्याउन ढिलाइ गर्न नहुने सदस्यहरूको भनाइ थियो ।

बैठकमा समितिका सदस्य रामकृष्ण यादवले जिल्ला प्रहरी कार्यालयको उजुरी शाखा जस्तो जुनसुकै उजरी लिँदा समितिको ओज खस्कन सक्ने हुँदा त्यो पाटोमा ध्यान पुऱ्याउन सुझाव दिनुभयो । केही सदस्यहरूले भने समितिले दिएका निर्देशनलाई सरकारले वास्ता नगरेकै कारण कार्यान्वयमा जान नसेको गुनासो गर्नुभयो । उहाँहरूले समितिले दिएका निर्देशन के-कति कार्यान्वयन भए नभएकाबारे सम्बन्धित निकायसँग जानकारी माग गर्नुपर्ने आवश्यकतामा जोड दिनुभयो । सदस्यहरूले देशको हित चाहने र नागरिकलाई राहत दिने हो भने समितिमा प्रवेश पाएका विषयलाई निष्कर्षमा पुऱ्याउनुपर्ने सुझाव दिनुभयो । पछिल्लो समय समितिमा प्राप्त थप १६ वटा उजुरीबारे छानबिन गर्न पनि सदस्य गौतमकै संयोजकत्वमा रहेको उपसमितिलाई जिम्मेवारी दिइएको छ ।

# पृथ्वी राजमार्गको अवरोध हट्यो

**पोखरापत्र संवाददाता**
तनहुँ, ८ चैत

पृथ्वी राजमार्गअन्तर्गत मुग्लिन-पोखरा खण्डको विस्तारको काम तीव्र रूपमा भइरहेको छ ।

राजमार्ग विस्तारका क्रममा एक महिनासम्मको आंशिक अवरोध हटेको छ । विस्तारका क्रममारहेकोराजमार्गकोमुग्लिङ-पोखरा (पूर्वी खण्ड)अन्तर्गत तनहुँको बन्दीपुर गाउँपालिका-४ विमलनगर चुनपहरामा भएको अवरोध आजदेखि हटेको हो ।

विमलनगर चुनपहरामा चट्टान कटानको काम गर्न गरिएको यातायात अवरोधले यात्रुले सास्ती भोग्नुपरेको थियो । राजमार्ग विस्तारको कामका लागि चुनपहरास्थित सडक निर्माण कार्यलाई तीव्रता दिन एक महिनासम्म आंशिक रूपमा बन्द गरिएको थियो । यातायात व्यवस्था कार्यालय विमलनगरबाट नयाँ पुलसम्म ५०० मिटर खण्ड आंशिक रूपमा बन्द गरिएकामा आजदेखि सहज रूपमा सवार ीसाधन सञ्चालन हुने भएको हो । उक्त खण्ड आवश्यकताअनुसार समय समयमा ४५ मिनेटदेखि एक घण्टासम्म बन्द गरी काम गर्ने गरिएकामा सो अवरोध हटेको मुग्लिङ-पोखरा सडक योजना पूर्वी खण्डका सूचना अधिकारी इन्जिनियर विष्णुप्रसाद पाण्डेले जानकारी दिनुभयो । निर्माणको काम भने जारी रहेकाले आंशिक रूपमा करिब १५ मिनेटसम्म अवरोध हुन सक्ने उहाँले बताउनुभयो ।

पूर्वी खण्डमा २०७७ माघ १७ गते सम्झौता भई २०७८ वैशाख २ गतेदेखि काम सुरु भएको थियो । पूर्वी खण्डको ठेक्का चाइना कम्युनिकेसन कन्स्ट्रक्सनले पाएको छ । विसं २०२६ मा रेखाङ्कन भएको उक्त सडकमा सवारीसाधनको चाप बढ्दै गएपछि एसियाली विकास बैङ्क (एडिबी) को ऋण सहयोगमा सडक चार लेनको बनाउन लागिएको हो । पूर्वी खण्ड रु ६ अर्ब २१ करोड ३१ लाखको लागतमा निर्माण भइरहेको छ ।

# प्रेस चौतारीलाई ज्याकेट हस्तान्तरण

**पोखरापत्र संवाददाता**
तनहुँ, ८ चैत



प्रेस चौतारी नेपाल कास्कीलाई संगठनका केन्द्रीय सदस्य सुमन ढुंगानाले प्रेस ज्याकेट हस्तान्तरण गरेका छन् ।

पोखरामा शुक्रबार प्रेस चौतारी कास्कीका अध्यक्ष मोतिसागर अधिकारीलाई ढुंगानाले ७५ वटा प्रेस ज्याकेट हस्तान्तरण गरेका हुन् ।

प्रेस चौतारी नेपाल लेखिएको उक्त ज्याकेट आइतबारदेखि विराटनगरमा सुरू हुने संगठनको १० औं महाधिवेशनमा सहभागी हुनेलाई वितरण गरिने प्रेस चौतारी कास्की अध्यक्ष अधिकारीले बताए ।

महाधिवेशनका सहभागीलाई वितरण गरेर बाँकी ज्याकेट कार्यसमितिका पदाधिकारी र सदस्य, संगठनका सक्रिय सदस्यलाई वितरण गरिने सचिव अनुप पौडेलले बताए ।

प्रेस चौतारीको महाधिवेशनमा सहभागी हुन प्रेस चौतारी गण्डकी प्रदेश अध्यक्ष इन्द्रप्रसाद पौडेलको नेतृत्वमा कास्की, स्याङ्जा, पर्वत, म्याग्दी, लमजुङको २६ जनाको टोली शनिबार विराटनगरतर्फ जाँदै छ । विराटनगर जाने टोलीलाई नेकपा (एमाले) पोलिटब्यूरो सदस्य एवं पूर्वखेलकुद मन्त्री जगत विश्वकर्माले शुभकामना व्यक्त गरे ।

# प्रधानमन्त्री कप क्रिकेट : आर्मीद्वारा गण्डकी पराजित

**पोखरापत्र संवाददाता**
पोखरा, ८ चैत

प्रधानमन्त्री कप पुरुष राष्ट्रिय क्रिकेट प्रतियोगिताअन्तर्गत शुक्रबारको खेलमा विभागीय टोली त्रिभुवन आर्मी क्लबले गण्डकी प्रदेशलाई पराजित गरेको छ ।

आर्मीले गण्डकीलाई ६ विकेटले हराएको हो । लमहीस्थित क्रिकेट मैदानमा आर्मीले टस जितेर फिल्डिङ गर्ने निर्णय गऱ्यो । पहिला ब्याटिङको निम्तो पाएको गण्डकी प्रदेशले ३० दशमलव ३ ओभरमा सबै विकेट गुमाएर ११६ रन बनायो । उसका लागि अर्जुन कुमालले ३३, दीपक डुम्रेले १९, कमल परियारले १७ तथा कप्तान बिपिन खत्रीले १५ रन बनाए ।

बलिङतर्फ आर्मीका लागि शाहब आलमले १० ओभरमा ४२ रन खर्चिएर ५ विकेट लिए । यस्तै कुशल मल्ल र नरेन साउदले दुई दुई विकेट लिए ।

एक सय १७ रनको लक्ष्य आर्मीले २६ दशमलव ५ ओभरमा चार विकेट गुमाएर पुरा गऱ्यो । आर्मीका लागि तीर्तराज दासले ३७, बसिर अहमदले अविजित ३२, भीम सार्कीले १४ तथा इमरान शेखले १२ रनको योगदान दिए । बलिङतर्फ आर्मीका लागि चन्द्र पौडेल, बिपिन खत्री, सुवाश भण्डारी र सुदिप अर्यालले एक एक विकेट लिए । योसँगै आर्मीले जारी प्रतियोगितामा ७ खेलमा ६ मा जित हात पार्दै १२ अङ्क जोडेको छ । आर्मी अङ्क तालिकामा दोस्रो स्थानमा छ ।

यस्तै गण्डकीले हालसम्म खेलेका ७ खेलमध्ये एउटामा मात्र जित निकालेको छ । गण्डकी दुई अङ्कका साथ अङ्क तालिकाको पुछारमा छ ।

## पोखरामा ...

पोखरा थिएटरले जनाएको छ । पोखरा महानगरपालिका महोत्सव प्रवर्द्धकका रूपमा रहेको छ ।

यसअघि विसं २०७५ मा पहिलोपटक पोखरा अन्तरराष्ट्रिय नाटक महोत्सव गरिएको थियो । महोत्सवको पहिलो दिन शनिबार पोखरा थिएटरको प्रस्तुतिमा उद्घाटन नाटकस्वरूप मुनामदन नाटक मञ्चन गरिने निर्देशक परिवर्तनले जानकारी दिनुभयो ।

**क्षयरोगबाट बचौं र बचाऔं**

◆लगातार खोकी लाग्ने,
◆खोकीमा रगत देखापर्ने,
◆तौल घट्ने,
◆फोक्सो दुखे वा असजिलो महसुस हुने जस्ता लक्षण क्षयरोगका लक्षण हुन सक्छन् ।

**क्षयरोगबाट बच्नः**

◆धूम्रपान तथा मद्यपान नगरौं,
◆धुवाँ धुलोमा नबसौं,
◆खोक्दा हाछ्यूँ गर्दा रुमालले नाकमुख छोपौं,
◆बालबालिकालाई निश्चित समयमा बीसीजी खोप लगाऔं,
◆क्षयरोग लागेका व्यक्तिभन्दा टाढै बसौं र रोगीको जुठो नखाऔं
◆क्षयरोगको शंकालागेमा चिकित्सकको सल्लाह लिऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड




फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा ।

# बढ्दै डढेलोको जोखिम

राम थापा
गण्डकी, ८ चैत

गण्डकी प्रदेशमा गत वर्ष चार सय ६७ स्थानमा डढेलो लागेको थियो। प्रदेश वन निर्देशनालयका अनुसार करिब आठ हजार दुई सय ७७ हेक्टर वन क्षेत्र डढेलोबाट प्रभावित बनेको थियो । सुक्खायाम सुरु भएसँगै यस वर्ष पनि डढेलोको जोखिम बढेको छ। सामान्यतयाः फागुनदेखि जेठसम्मको समयलाई डढेलोको याम भनेर चिनिन्छ।

मुख्यगरी चैत र वैशाखमा डढेलोका घटना बढी हुने गरेको निर्देशनालयका वन अधिकृत तिलकबहादुर थापाले बताउनुभयो। सुक्खायाम लम्बिँदा डढेलोको जोखिम पनि बढ्दै जाने उहाँको भनाइ छ। आगलागी नियन्त्रण हुन नसकी डढेलोको रूप लिँदा वन विनास मात्र नभएर धनजनको समेत क्षति हुने गरेको छ। घरगोठ र पशुधनको क्षतिले ग्रामीण भेगका किसान मारमा परेका छन्। डढेलोले वन क्षेत्रमा हुने बोटबिरूवा, वन्यजन्तु, काठ र दाउराको क्षति भने आकलन नै गर्न नसकिने वन अधिकृत थापाले बताउनुभयो।

"डढेलोले वन क्षेत्रमा बर्सेनि ठूलो नोक्सानी भइरहेको हुन्छ, डढेलो अनियन्त्रित भएर मानव बस्तीतिर सर्दा पनि धनजनको समेत क्षति हुन्छ", उहाँले भन्नुभयो। डढेलोले पर्यावरणीय स्वच्छतामा पनि नकारात्मक असर पुऱ्याइरहेको वन अधिकृत थापाले बताउनुभयो। गर्मीयाममा वनमा हुने पातपतिङ्गर र घाँसदाउरा बढी प्रज्ज्वलनशील हुनेहुँदा डढेलो छिटो फैलने गरेको उहाँको भनाइ छ।

हिउँदे वर्षा नहुनु, हुरीबतासको यामजस्ता कारणले पनि डढेलोले प्रश्रय पाउने गरेको वन अधिकृत थापाले बताउनुभयो। मानवीय कारणले नै डढेलो लाग्ने गरेको उहाँको भनाइ छ। अन्ठाउन्न प्रतिशत जानीजानी, २२ प्रतिशत लापरवाही र २० प्रतिशत डढेलो दुर्घटनावश लाग्ने गरेको विभिन्न अध्ययनले देखाएको विज्ञहरू बताउँछन्। पछिल्लो समय वन व्यवस्थापनका क्रियाकलाप घट्दा पनि डढेलोको जोखिम बढिरहेको बताइन्छ।

आगो लगाउँदा घाँस र बुट्यान राम्रोसँग पलाउँछ भनेर व्यक्तिले जानजानी आगो लगाउँदा त्यो अनियन्त्रित भई डढेलोको रूप लिने गरेको छ। वन डेढेलोले जैविक विविधतामा ह्रास ल्याउनुका साथै वातावरणीय प्रदूषण निम्त्याउने वन अधिकृत थापाले बताउनुभयो। डढेलो लाग्दा हुने कार्बन उत्सर्जनले जलवायु परिवर्तनमासमेत भूमिका खेलिरहेको उहाँको भनाइ छ। डढेलोले माटोको प्राङ्गारिक तत्व नष्ट हुने, वन्यजन्तुको बासस्थान नासिनेलगायत समस्या निम्तने गरेको छ। डढेलोले भूक्षय, बाढीजस्ता प्राकृतिक विपद्का घटना पनि बढाउने विज्ञहरूको भनाइ छ। बर्सेनि बढिरहेको डढेलोको प्रकोप नियन्त्रणका लागि राज्यले पर्याप्त जनशक्ति, उपकरण र स्रोतसाधनको प्रबन्ध गर्नुपर्ने माग जनस्तरबाट उठ्दै आएको छ। डढेलो लगाउने व्यक्तिलाई कानुनबाट दण्डित गर्ने गरिए पनि यसमा कमी आउन सकेको छैन। बागलुङका प्रमुख जिल्ला अधिकारी नेत्रप्रसाद सुवेदीले कानुनको प्रभावभारी कार्यान्वयनका लागि जनचेतना अभिवृद्धि गर्नुपर्ने बताउनुभयो। "डढेलो लगाउने व्यक्तिका बारेमा सूचना दिने व्यक्तिलाई उसले बुझाएको जरिवानाको १० प्रतिशत पुरस्कार पाउने व्यवस्था छ", प्रजिअ सुवेदीले भन्नुभयो, "दोषीलाई तीन वर्षको जेल, रु ६० हजारसम्म जरिवाना या दुवै सजाय हुनसक्ने कानुनी व्यवस्था छ।" कानुनी दण्डबारे जनस्तरमा जानकारी पुऱ्याउन सक्दा नियत राखेर डढेलो लगाउने प्रवृत्तिमा कमी आउने उहाँको भनाइ छ। सुक्खायामपूर्व नै डढेलो संवेदनशील क्षेत्रबाट पातपतिङ्गरलगायत जल्ने पदार्थ हटाउनुपर्ने वन अधिकृत थापाले बताउनुभयो। वनमा अग्नि रेखाको निर्माण, सरसफाइजस्ता कार्य नियमित गर्नुपर्ने र डढेलो नियन्त्रणमा जनसहभागिता जुटाउनुपर्ने उहाँको भनाइ छ।

वनजङ्गल, भिरपाखा र खरबारीमा हुने अनियन्त्रित आगलागीले वन क्षेत्रमा मात्र नभई नजिककै बस्तीलाई पनि असर पारिरहेको उहाँले बताउनुभयो। आगो लगाउँदा घाँस र बुट्यान राम्रोसँग पलाउँछ भनेर व्यक्तिले जानजानी आगो लगाउँदा त्यो अनियन्त्रित भई डढेलोको रूप लिने गरेको उहाँको भनाइ छ। हिउँदे वर्षा नहुनु, हुरीबतासको याम, भिरालो भूबनोटजस्ता कारण पनि डढेलो छिटो फैलने गरेको छ। समयमै घाँसदाउरा, स्याउला, सोत्तर वनबाट निकाल्न सके डढेलोको जोखिम कम हुने उहाँ बताउनुहुन्छ। डढेलो नियन्त्रणका लागि जिल्ला र स्थानीय तहमा रहेका डिभिजन वन र सबडिभिजन वन कार्यालयअन्तर्गत डढेलो नियन्त्रण सञ्जाल क्रियाशील रहेका छन्। वन कार्यालयले सुरक्षा निकाय, स्वयंसेवक र स्थानीय जनसमुदायसँग मिलेर डढेलो नियन्त्रणका काम गर्दै आएको निर्देशनालयले जनाएको छ। डढेलोले निजी, सामुदायिक र राष्ट्रिय वन क्षेत्रका बोटबिरूवा र बुट्यान सखाप पार्ने गरेको उहाँको भनाइ छ। वन अधिकृत थापाले विद्यालय तहदेखि नै डढेलो नियन्त्रण र वन संरक्षण सीपबारे बालबालिकालाई पढाउनुपर्ने बताउनुभयो।

# सगरमाथा आरोहीलाई यती एयरलाइन्स र ह्याम्स अस्पताले छुट दिने

रासस
काठमाडौं, ८ चैत

कीर्तिमानी सगरमाथा आरोहीलाई यती एयरलाइन्स र ह्याम्स अस्पताललले आफ्नो सेवामा विशेष छुट दिने भएका छन्। उक्त प्रयोजनका लागि सगरमाथा आरोही सङ्घले ती दुई कम्पनीसँग छुट्टाछुट्टै सम्झौता गरेको छ।

सगरमाथा आरोहण गरेको ७१ वर्ष पुगेको स्मरण गर्दै विश्वकीर्तिमानी र कीर्तिमानी आरोहीलाई सेवामा विभिन्न छुट दिने सम्झौता भएको छ। सङ्घमा आबद्ध आरोही र आरोहीका परिवारलाई यती एयरलाइन्सबाट उडान गर्दा टिकटको न्यूनतम मूल्यमा थप विशेष छुटको व्यवस्था गरिएको छ। सोसम्बन्धी सम्झौतामा सङ्घका तर्फबाट अध्यक्ष माया शेर्पा र एयरलाइन्सका तर्फबाट प्रमुख व्यापार अधिकृत युवराज विष्टले सम्झौतापत्रमा हस्ताक्षर गर्नुभएको छ।

यसैगरी ह्याम्स अस्पताललले प्रदान गर्ने सेवामा सगरमाथा आरोही सङ्घको सिफारिसमा विश्व कीर्तिमानी आरोहीलाई ५० प्रतिशतसम्म छुटको, कीर्तिमानी आरोही र आरोहीका परिवारलाई ३० प्रतिशतसम्म छुट दिइनेछ। त्यसका लागि सङ्घका तर्फबाट अध्यक्ष माया शेर्पा र हस्पिटलका तर्फबाट प्रमुख कार्यकारी अधिकृत विनोदकुमार ढुङ्गेलले सम्झौतापत्रमा हस्ताक्षर गर्नुभयो। उक्त कार्यक्रममा सङ्घका तर्फबाट प्रथम उपाध्यक्ष दिवस पोखेल र महासचिव शिवबहादुर सापकोटाको उपस्थिति रहेको थियो। सङ्घका महासचिव शिवबहादुर सापकोटाले सगरमाथा आरोही र आश्रित परिवारलाई एयरलाइन्स र अस्पतालको सेवामा सहुलियतका लागि दुई संस्थाबीच सहकार्य गरिएको बताउनुभयो। उहाँले पर्यटन उद्योगमा महत्त्वपूर्ण योगदान गर्ने पर्वतारोहीले विदेशी मुद्रा भित्र्याउन र साहसिक पर्यटन प्रवर्द्धनमा खेलेको भूमिकाको कदरस्वरुप दुई संस्थाको सेवामा विशेष छुटका लागि सम्झौता भएको जानकारी दिनुभयो। यसले कीर्तिमानी आरोहीहरूको पहिचानलाई अझ जीवन्त र परीणाममुखी बनाउन मद्दत पुग्ने सङ्घको विश्वास छ।

सङ्घले हिमाली क्षेत्रको सरसफाइ, सगरमाथा रक्षा अभियान चलाउँदै फोहर व्यवस्थापन, सगरमाथा आधार शिविरमा मन्त्रिपरिषद् बैठक, कोप–१५ मा जलवायु परिवर्तनले पारेको असरप्रति ध्यानाकर्षण गर्दै कोपनहेगन, डेनमार्कमा आरोहीहरूको मार्चपासलगायत कार्यहरू गरेको विज्ञप्तिमार्फत जनाएको छ।

# रातोढुङ्गा सबस्टेशन सञ्चालन

रासस
म्याग्दी, ८ चैत

जिल्लाका तीनवटा स्थानीय तहमा विद्युत् आपूर्ति गर्न निर्माण भएको ३३/११ केभी क्षमताको रातोढुङ्गा सबस्टेशन सञ्चालन भएको छ। पर्वतको जलजला गाउँपालिका-४ मोहनचोकबाट म्याग्दीको मालिका गाउँपालिका-६ रातोढुङ्गा जोड्ने २२ किलोमिटर दूरीको प्रसारण लाइन र रातोढुङ्गामा निर्माण भएको सबस्टेशन सञ्चालनमा आएको हो।

विसं २०८० माघमा गरिएको परीक्षण सफल भएको उक्त सबस्टेशनबाट बिहीबारदेखि नेपाल विद्युत् प्राधिकरणको म्याग्दी वितरण केन्द्रले विद्युत् आपूर्ति गर्न थालेको हो। केन्द्रका प्रमुख सत्यनारायण गामीले परीक्षणका लागि सबस्टेशनबाट विद्युत् आपूर्ति गराउन थालिएको बताउनुभयो। "मिलनचोक सबस्टेशन नजिकै एउटा पोल गाड्न, तार तान्न र संरचना बनाउन बाँकी भएकाले अस्थायी रूपमा बेनीबाट ट्यापिङ गरेर रातोढुङ्गा सबस्टेशनमा लाइन जोडेर हाम्रो निगरानीमा परीक्षणका लागि विद्युत् आपूर्ति गरिएको छ", उहाँले भन्नुभयो, "अबको एक महिनाभित्र १५ दिनमा ठेकेदारले सबै संरचना बनाएर हस्तान्तरण गर्ने लिखित प्रतिबद्धता जनाएको छ।" नेपाल विद्युत् प्राधिकरणमार्फत एटुजेड इन्जिनियरिङले सन् २०१६ मा रु १६ करोडमा ठेक्का लिएको सबस्टेशन र प्रसारण लाइन सन् २०१८ को डिसेम्बरमा सक्ने लक्ष्य थियो। ठेकेदार कम्पनीका प्रतिनिधि पद्मसागर लुइँटेलले परीक्षण अवधिपछि प्राधिकरणलाई औपचारिक रूपमा सबस्टेशन हस्तान्तरण गरिने केन्द्रका प्रमुख गामीले बताउनुभयो। सबस्टेशन सञ्चालनपछि म्याग्दीको पश्चिमी क्षेत्रमा पर्ने मङ्गला, मालिका र धवलागिरि गाउँपालिकामा केन्द्रीय प्रसारण लाइन विस्तार र विद्युत् आपूर्ति सहज हुने अपेक्षा गरिएको छ।



# विकट गाउँमा निर्माणाधीन अस्पताल पाँच वर्षदेखि अलपत्र

रासस
पर्वत, ८ चैत

विहादी गाउँपालिका-२ बर्राचौरमा निर्माणाधीन अस्पताल पाँच वर्षदेखि अलपत्र बनेको छ। विकट क्षेत्रका नागरिकलाई सर्वसुलभ रूपमा स्वास्थ्य सेवा उपलब्ध गराउने उद्देश्यले निर्माण थालिएको अस्पताल निर्माण व्यवसायीको ढिलासुस्तीका कारण अलपत्र परेको हो।

पन्ध्र शय्या क्षमताको अस्पताल १७ महिनामा निर्माण सम्पन्न गर्नेगरी विसं २०७७ मङ्सिरमा भ्याली बाबुरत्न जेभी कम्पनीले जिम्मा लिएको थियो। समयमा काम नगर्दा निर्माण भएका संरचना पनि जीर्ण बन्दै गएका छन्। सङ्घीय सहरी विकास तथा भवन निर्माण कार्यालय पोखरामार्फत निर्माण हुन लागेको उक्त भवन रु छ करोड लागतमा बन्न लागेको हो। साउदी सरकारको पुनर्निर्माणसम्बन्धी साउदी फन्डबाट अस्पताल निर्माण थालिएको थियो।



अस्पताल सम्पन्न भएर सञ्चालनमा आइसक्ने बेला भइसक्दा पनि निर्माण व्यवसायीको लापरबाही र स्थानीय सरकारले दबाब नदिँदा एक तला ढलान गरेर अलपत्र अवस्थामा छाडिएको विहादी गाउँपालिकाका स्वास्थ्य शाखा प्रमुख हरिप्रसाद भुसालले बताउनुभयो। ठेकेदारको लापरबाहीका कारण पाँच वर्षभन्दा बढी भइसक्दा पनि भवन सम्पन्न हुन नसकेको स्थानीयले गुनासो गरेका छन्। ठेकेदारले अस्पताल निर्माण सम्झौताअनुसार समयमा सम्पन्न नगरी पटकपटक म्याद थप गर्दै आएको स्थानीय बताउँछन्। काम सम्पन्न गर्ने भन्दै ठेकेदार कम्पनीले अहिलेसम्म तीनपटक निर्माण सम्झौताको म्याद थप गरिसकेको छ।

अस्पतालका लागि स्थानीय डोलेन्द्र गिरी, राम गिरी, कृष्ण गिरी, भूपेन्द्र पौडेल, भूमिश्वर पौडेल, अर्जुन भट्टराईलगायतले निःशुल्क जग्गा उपलब्ध गराएपछि निर्माण प्रक्रिया सुरु भएको थियो। योसँगै स्थानीयले समयमा सर्वसुलभ स्वास्थ्य सेवा पाउन् भनेर उर्वरायुक्त जमिन दान गरेका जग्गादाता निराश बनेका छन्।

सङ्घीय सहरी विकास तथा भवन निर्माण कार्यालय पोखराका इन्जिनियर सुवास बरालले ठेकेदार कम्पनीले नियमानुसार पाउनुपर्ने रकम लिइरहेको बताउनुभयो। ठेकदारले ल्याएको बिलबापत रकम लिएको बताउँदै अहिलेसम्म रु एक करोड ६५ लाख भुक्तानी लिइसकेको उहाँले जानकारी दिनुभयो। करिब १२ हजार वर्गफिटमा बन्ने भवनमध्ये एउटा ब्लकको केही वर्षपहिले ढलान भए पनि 'बी ब्लक'को ढलान हुन बाँकी रहेको उहाँले बताउनुभयो।

सङ्घीय सहरी विकास तथा भवन निर्माण कार्यालयका अनुसार भ्याली बाबुरत्न जेभी कम्पनीले स्याङ्जा आरुचौरमा आयुर्वेदिक अस्पताल र सेतीदोभानमा प्राथमिक अस्पतालको भवन निर्माणको सम्झौता गरी करिब रु १९ करोड बराबर निर्माण सम्झौता गरेको थियो। निर्माण जिम्मा लिए पनि स्वास्थ्यजस्तो संवेदनशील क्षेत्रको भवन अलपत्र पारेको भन्दै स्थानीय निराश बनेका छन्।

विहादी गाउँपालिकाका अध्यक्ष परवीन गुरुङले गौरवको योजनाका रूपमा रहेको उक्त भवन अलपत्र परेकोबारे सङ्घीय स्वास्थ्य मन्त्रालय र गण्डकी प्रदेशमा जानकारी गराइएको बताउनुभयो। निर्माण अलपत्र पार्ने ठेकेदारसँग सम्झौता रद्द गरेर अर्कोलाई दिन पहल गरिएको उहाँको भनाइ छ। समयमा अस्पताल नबन्दा विहादीका छ, पैँयू गाउँपालिकाका सातवटा वडाका साथै छिमेकी जिल्ला बागलुङ र गुल्मीका नागरिकहरू सामान्य उपचारका लागि पाल्पा, बुटबलका अस्पतालमा जान बाध्य भएका छन्।

नेपाल सरकार
भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय
भूमि व्यवस्थापन तथा अभिलेख विभाग
मालपोत कार्यालय, कास्की

**मालपोत कार्यालय कास्की पोखराबाट प्रकाशित भएको हकदावी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना**

सूचना प्रकाशित मिति २०८१/१२/०७

कास्की जिल्ला मौजे उल्लेरी २ नं. का जि.मु. सुरविर गुरुङ जिम्मा उल्लेरी साविक १९९० सालको खेत तर्फको मोठ लगत उत्तार बमोजिम मोठ नं. १०८ मोही नं. १२० कित्ता नं. ५४ सुरविर गुरुङ वल वहादुरको नाउँमा साविक दर्ता भएको २०३५ सालसम्मको तिरो तिरेको भू.सु. ७ नं. फाराममा लगत दिएको सर्भे नापीमा पुम्दीभुम्दी वडा नं. ८ को कि.नं ५ क्षे.फ. ०-१५-२-१ विरहमा धान किसिममा सिम फिल्डबुकमा खड्ग बहादुर गुरुङको नाउँमा कायम भएको कित्ता १, पुम्दीभुम्दी वडा नं. ८ को कित्ता नं. ३६९ र ३८७ क्षेत्रफल क्रमश ९-४-१-० र ५-११-१-३ का जग्गा विरहमा धान किसिममा सिम फिल्डबुकमा चन्द्र सुवा गुरुङको नाउँमा कि.का भई दर्तासम्म हुन छुटेको जग्गा कित्ता -२ गरि जम्मा कित्ता -३ खड्ग बहादुर गुरुङ र खरग बहादुर गुरुङ भन्ने व्यक्ति एउटै हो भनि वडाको सिफारिस लगायतका कागजातहरु खुली आएको, निज मृतक दम्पतिका हामी निवेदक नजिकका हकदार ६ भाई छोराहरु रहेको हुँदा उक्त जग्गा हाम्रो नाउँमा छुट जग्गा दर्ता नामसारी गरिपाउँ भनी कास्की जिल्ला साविक पुम्दीभुम्दी-९ हाल पोखरा म.न.पा. वडा नं. २२ वस्ने चुर्ण बहादुर गुरुङ, जित बहादुर गुरुङ, चन्द्र बहादुर गुरुङ, प्रेम बहादुर गुरुङ, निर बहादुर गुरुड, गणेश बहादुर गुरुङले यस कार्यालयमा संयुक्त माग निवेदन पेश गर्नुभएको हुँदा उक्त जग्गामा यस अघि कसैले कारवाही चलाएको भए वा निजहरुको माग बमोजिम छुट जग्गा दर्ता नामसारी गर्न नमिल्ने वा दर्ता हुन नपर्ने कुनै कारण भए वा तपशिलमा उल्लेखित जग्गामा अरु कसैको हक लाग्ने भए वा सरकारी सार्वजनिक पर्न गए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैतिस) दिन भित्र सवुद प्रमाण सहित दावी उजुरी गर्न आउनुहोला। अन्यथा कानुन बमोजिम भै जानेछ। पछि कसैको उजुर वाजुर लाग्ने छैन।

तपशिल

| जिल्ला | गा.वि.स. | वडा नं. | कित्ता नं. | क्षेत्रफल | विरह | किसिम | फिल्डबुकको व्यहोरा |
|---|---|---|---|---|---|---|---|
| कास्की | पुम्दीभुम्दी | ८ | ३६९ | ९-४-१-० | धान | सिम | चुर्ण बहादुर गुरुङ |
| कास्की | | ८ | ३८७ | ५-११-१-३ | धान | सिम | |
| कास्की | | ८ | ५ | ०-१५-२-१ | धान | सिम | खड्ग बहादुर गुरुङ |

ईति संवत २०८१ साल चैत्र ०७ गते रोज ५ शुभम्।

**तपाईको आज**

| | | | |
|---|---|---|---|
| **मेष** | : शारीरिक झमेला | **तुला** | : स्वास्थ्यमा सुधार |
| **वृष** | : मानसिक तनाब | **वृश्चिक** | : कार्यमा सफलता |
| **मिथुन** | : ब्यापारमा लाभ | **धनु** | : सहयोग मिल्नेछ |
| **कर्कट** | : शत्रुको भय | **मकर** | : अप्रत्यसित लाभ |
| **सिंह** | : झमेला बड्ने | **कुम्भ** | : सत्कार मिल्नेछ |
| **कन्या** | : शुभ यात्रा | **मीन** | : आर्थिक समस्या |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा–१६, जोगिमणीमार्ग, मोबाइल: ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा, आखत, माटो हेर्नका लागि सम्झनुहोस्।

# कालीगण्डकी कोरिडोर: नौ किलोमिटर कालोपत्र

पोखरापत्र संवाददाता
म्याग्दी, ८ चैत

बेनी-जोमसोम-कोरला सडकअन्तर्गत नौ किलोमिटर भुरुङ-तातोपानी- घाँसा खण्ड कालोपत्र भएको छ।

आर्थिक वर्ष २०७३/७४ मा सुरु भएको सडक स्तरोन्नति सम्पन्न हुने चरणमा पुगेको छ। अन्नपूर्ण गाउँपालिका-३ का वडाध्यक्ष रमेश पुर्जाले अन्नपूर्ण गाउँपालिका-२ तातोपानीस्थित नागढुङ्गादेखि मुस्ताङको थासाङ गाउँपालिका-४ घाँसाको कैह्कुखोलासम्म पहिरो र कटानको जोखिम भएको बाहेकका ठाउँमा ढलानसँगै कालोपत्र भएको छ", उहाँले भन्नुभयो। विसं २०६४ मा खुलेको यो सडकलाई ११ मिटर फराकिलो बनाएर कुना र डिलतर्फ टेवा पर्खाल, पानीको निकासका निम्ति नाली निर्माण, ग्रेड तथा मोड सुधार गरिएको छ।

**सार्वजनिक सुनुवाई कार्यक्रम सम्बन्धी सूचना**

(प्रथम पटक प्रकाशित मिति: २०८१/१२/०९)

उपरोक्त सम्बन्धमा गण्डकी प्रदेश, बागलुङ जिल्लाको डिभिजन वन कार्यलयद्धारा बागलुङ जिल्लाभित्र रहेका वनहरु व्यवस्थित गर्ने आवधिक योजना सहितको रणनीतिक योजना कार्यान्वयन गर्न लागिएको हुँदा उक्त कार्यसँग सम्बन्धित प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन (IEE) तयारीको लागि सार्वजनिक सुनुवाई कार्यात्रम हुन गइरहेको हुदाँ निम्न बमोजिमको मिति, समय र स्थानमा उपस्थीतिको लागि हार्दिक अनुरोध गर्दछौं।

मिति: २०८१/१२/१३ गते बुधबार
समय: बिहान ११:०० बजे
स्थान: डिभिजन वन कार्यालय, बागलुङको प्राङ्गण

आयोजक
डिभिजन वन कार्यालय, बागलुङ
बागलुङ, गण्डकी प्रदेश
सम्पर्क नं. ०६८–५२०१३५

# डेढ दशकदेखि मानवविहीन मुस्ताङको 'सम्जुङ गाउँ'

**रासस**
मुस्ताङ, ८ चैत

जलवायु सङ्कटले हिमाली जिल्लाको धार्मिक, सांस्कृतिक र विभिन्न क्रियाकलापमा प्रत्यक्ष/परोक्ष प्रभाव पर्दै गएको छ। जलवायु परिवर्तनकै कारण हिमाली जिल्ला मुस्ताङको जनजीवनसमेत निकै प्रभावित भइरहेको छ। असमान मौसम परिवर्तन, प्राकृतिक प्रकोप, अनियमित हिमपात हुने र कुनै वर्ष हिउँ नै पर्न नसक्नेजस्ता प्राकृतिक प्रकोपको समस्या भेल्नुपर्ने अवस्था विद्यमान छ।

जलवायुकै कारण पछिल्लो समय हिमालहरू कालापत्थरमा रूपान्तरण हुँदै थाले भने हिमनदीको स्रोत पनि सुक्दै जान थालेका छन्। यसरी जलवायु सङ्कटकै कारण हिमाली जिल्ला क्षेत्रको कृषि र पशुपालनलगायत क्षेत्रमा यसको नकारात्मक असरहरू देखिन थालेको छ।

जलवायु सङ्कटकै यस्तै एउँट पीडा थेगिरहेको छ मुस्ताङको सम्जुङ गाउँ। लोमान्थाङ गाउँपालिका-२ मा अवस्थित उपल्लो मुस्ताङको सम्जुङ गाउँ विगत डेढ दशकअघिदेखि मानवविहीन अवस्थामा छ। त्यहाँ १८ घरधुरी थिए। अहिले त्यहाँ पुरानो शैलीका परम्परागत घरहरू जिवितै छन्। सम्जुङमा पूर्ववत् अवस्थामा घरहरू यथास्थितिमा रहे पनि त्यहाँका मानिसहरू त्यहाँबाट विस्थापित भइसकेको पनि करिब डेढ दशक भइसकेको छ। त्यहाँ बर्खायाममा भेडाच्याङ्ग्रा र याकचौँरी चौँरी रेखदेख गर्ने केही घरधुरीका कुरूवा बस्ने गरेको पाइएको छ। त्यसबाहेक लोमान्थाङ-२ को सम्जुङ बस्ती मानवविहीन रित्तो अवस्थामा छ।

(जोमसोम-कोरला) मुख्य राजमार्ग सडकबाट भण्डै पाँच घण्टा पैदल हिँडेर पुग्न सकिने मुस्ताङको समजुङ गाउँ भौगोलिक रूपमा निकै नै पिछडिएको र विकट स्थानमा अवस्थित छ। त्यहाँ डेढ दशकअघि स्थानीय घरधुरीले कृषि र पशुपालन व्यवसाय गरी बस्ने गर्थे। त्यहाँ कृषि र पशुपालनमा समस्या देखिन थालेपछि त्यहाँका स्थानीय घरधुरीले बस्ती




स्थान्तरणको मार्ग रोजे। जलवायु परिवर्तनकै कारण हिमनदीको स्रोत सुक्दै जान थालेपछि त्यहाँको सिँचाइ, खानेपानी र चरन क्षेत्रलगायतमा समस्या पर्न थाल्यो। यसैका कारण जलवायु अनुकूलका लागि त्यहाँका स्थानीय नागरिकहरू त्यहाँबाट बसाइँसराइ बाटो रोजे।

निकै अग्लो पठार नाङ्गो डाँडाकाँडाको फेंदमा अवस्थित उपल्लो मुस्ताङको सम्जुङ बस्तीले जलावायुको सङ्कट थेगिरहँदा त्यहाँका स्थानीय नागरिकलाई दैनिक जीविकोपार्जमा निकै नै ठूलो चुनौतीहरूको सामना गर्न बाध्य भए। यिनै जलवायु सङ्कटले गर्दा सिँचाइ, खानेपानी र चरनक्षेत्र असहज हुँदा बस्ती रित्तिन पुगेको हो।

जलवायुपीडित सम्जुङ गाउँ कहाँ सऱ्यो ?

उपल्लो मुस्ताङस्थित लोमान्थाङ-२ को सम्जुङ गाउँ डेढ दशकअघिदेखि सोही वडाको नामासुङ भन्ने स्थानमा स्थान्तरित भएको छ। त्यहाँका कूल १८ घरधुरीका पूरै नागरिक नामासुङमा सरेर नयाँ बस्ती निर्माण भइसकेको छ। राष्ट्रिय गौरवको जोमसोम-कोरला मुख्य सडकमार्गदेखि नजिकै छोसर खोलाको पूर्वतर्फको स्थानमा सम्जुङ बस्ती नामासुङमा स्थान्तरित भएको लोघेकर दामोदरकुण्ड गाउँपालिकाका अध्यक्ष लोप्साङ छोम्फेल विष्टले जानकारी दिनुभयो। मुस्ताङी सांस्कृतिक राजा जिग्मे पलवर विष्टका नाममा रहेको करिब एक सय रोपनी लालपुर्जावाला बाँभो जग्गा जलवायुले विस्थापित बस्ती सम्जुङ गाउँलाई निःशुल्क दान गरेपछि त्यहाँ नयाँ बस्ती बसेको लोघेकर दामोदरकुण्ड गाउँपालिका अध्यक्ष विष्टको भनाइ छ। त्यहाँ जलवायुले विस्थापित बस्ती समजुङको प्रत्येक घरधुरीलाई चार चार आना क्षेत्रफलमा टहरा निर्माण गर्ने र बाँकी क्षेत्रफलमा खेती गर्ने सुविधा उपलब्ध भएको अध्यक्ष विष्टले उल्लेख गर्नुभयो।

मुस्ताङी राजाले आफ्नो स्वामित्वमा रहेको खाली जग्गा सम्जुङ गाउँलाई उपलब्ध गराइएपछि त्यहाँ १८ वटै घरधुरीले समान आकारको उस्तै प्रकृतिका घरटहराहरू निर्माण गरेका थिए। लोमान्थाङ गाउँपालिका-५ लोमान्थाङका पूर्ववडाध्यक्ष नवाङकुङ्गा लामा विष्टको समन्वय र सहकार्यमा त्यहाँ नयाँ बस्ती संरचना निर्माण भएको हो। पूर्ववडाध्यक्ष विष्टका अनुसार सम्जुङबाट विस्थापित बस्तीलाई पुर्नवासको व्यवस्थापन गर्न स्थानीय घरधुरीसँग लागत साझेदारी गरी त्यहाँ घरटहरा निर्माण भई नयाँ बस्ती बसेको हो। त्यहाँ एक स्वीजरल्याण्डको एक संस्थाको ५० प्रतिशत र स्थानीय घरधुरीको ५० प्रतिशत लागत साझेदारी रहने गरी डेढ दशकअघि त्यहाँ बस्ती स्थान्तरण भएको लोमान्थाङ-५ का पूर्ववडाध्यक्ष विष्टको भनाइ छ। बस्ती स्थान्तरणका लागि आफूले व्यक्तिगत रूपमा पहल गरेको वडाध्यक्ष विष्टले खुलाउनुभयो। लोमान्थाङ गाउँपालिकाका निमित्त कार्यालय प्रमुख विकास केसीले जलवायुकै सङ्कटले त्यहाँका कृषि र पशुपालन प्रणालीमा प्रत्यक्ष/परोक्ष असर देखिएकाले नामासुङमा बस्ती स्थानान्तरण हुन पुगेको बताउनुभयो। प्राकृतिक स्रोतहरूको अभाव हुँदै जानु र त्यहाँबाट केही सहज स्थानमा बसोबास गर्ने मनसायका कारण त्यहाँका घरधुरी नामासुङमा बस्ती सरेको आफूले बुझेको बताउनुभयो। नामासुङमा स्थानान्तरण भएका घरधुरी कहिलेकाहीँ सम्जुङ गाउँमा पशुचौपाय लिएर जाने र त्यहाँको गोठमा गएर बस्ने गरेको लोमान्थाङका निमित्त प्रशासकीय अधिकृत केसीले उल्लेख गरे। नयाँ स्थानान्तरण भएको बस्ती नामासुङ पुग्न जोमसो-कोरला सडकमार्गबाट १५ मिनेटको पैदल हिँडेर पुग्न सकिने उहाँले बताउनुभयो।

# मङ्गला गाउँपालिमा छ गौरवका योजना

**कमल खत्री**
म्याग्दी, ८ चैत/रासस

मङ्गला गाउँपालिका म्याग्दीले पूर्वाधार निर्माणमा छवटा गौरवका योजना सञ्चालन गरेको छ।

आर्थिक वर्ष २०८१/८२ का लागि गाउँसभाबाट छनोट भएका र सङ्घ र प्रदेश सरकारबाट प्राप्त सडक, भवनलगायत ठूला योजनालाई ठेक्का प्रक्रियामार्फत कार्यान्वयन गर्न सुरु गरिएको हो।

गाउँपालिकाले सङ्घीय समपूरक योजनाअन्तर्गत सबैभन्दा ठूलो योजनाका रूपमा रु चार करोड ४० लाख बजेटको सिम-कोत्रबाङ-खुम्ल्याह-पैयुपाटा-कुहुँ-पूर्णगाउँ-टोड्के सडक स्तरोन्नति योजना तथा रु तीन करोड ४० लाखको पुलचोक-पिपलबोट-पाँखु-धारा-सिरकुम-टिकाबाङ मोटरबाटो स्तरोन्नति योजना सञ्चालन गरेको छ। प्रदेश समपूरक योजनाबाट गण्डकी प्रदेश सरकारको रु ६० र गाउँपालिकाको रु ४० लाख बजेट रहेको बाबियाचौर-काफलचौर-सल्यान-भर्जुला-मोटरबाटो स्तरोन्नति योजनामा धमाधम निर्माणकार्य भइरहेको छभने प्रदेश विशेष अनुदानअन्तर्गत महेन्द्ररत्न मावि बरङ्जाको छात्राबास भवन क्रमागत योजनाका लागि प्राप्त रु ४३ लाख बजेटको काम सम्पन्न भएको छ। यसैगरी, सङ्घीय विशेष अनुदानअन्तर्गत रु दुई करोड ६५ लाख बजेटबाट मङ्गला शिक्षा क्याम्पसमा छात्राबास भवन बनाउने योजना पनि अघि बढाएको छ। सङ्घीय सशर्त योजनाअन्तर्गत रु ८० लाख बजेट रहेको मङ्गला- ५ को डिही कीरियापुत्री भवन निर्माण योजना ठेक्का मूल्याङ्कनको चरणमा रहेको गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत गोपाल शर्माले जानकारी दिनुभयो। "सङ्घ र प्रदेशबाट प्राप्त योजना साझेदारीमा सञ्चालन हुने र गाउँपालिकाको समेत ठूला योजनालाई ठेक्कामार्फत कार्यान्वनय गर्न सुरु गरेका छौँ, कतिपय योजनाको निर्माण अन्तिम चरणमा पुगेको छ, निर्माणकार्यलाई गुणस्तरीय बनाउन पालिकाबाट निरन्तर अनुगमन भइरहेको छ", प्रमुख प्रशासकीय अधिकृत शर्माले भन्नुभयो। सिम-कोत्रबाङ-खुम्ल्याह-पैयुपाटा-कुहुँ-पूर्णगाउँ-टोड्के सडक स्तरोन्नति गर्ने सङ्घीय समपूरक बजेटअन्तर्गत सङ्घीय सरकार र गाउँपालिकाको ५०-५० प्रतिशत लागत साझेदारी रहेको यस योजनाका लागि त्रिशक्ति कन्ट्रक्सन एन्ड इन्जिनियरिङ प्रालिले रु तीन करोड १३ लाख ६८ हजार एक सय ४९ मा ठेक्का सम्झौता गरेर कार्यक्षेत्रमा परिचालन भएको छ।

आगामी असार १० भित्र निर्माण सम्पन्न गर्ने लक्ष्यसहित निर्माण व्यवसायी कार्यक्षेत्रमा परिचालन भएका गाउँपालिकाले जनाएको छ। सिमचोकबाट सडक फराकिलो बनाउने, ग्याबियन पर्खाल लगाएर स्तरोन्नति गर्न थालिएको यस योजनामा यस वर्ष तीन सय ५० मिटर सडक ढलान हुनेछ। सिमचोक, पातलको उकालो, कुहुँ र पूर्णगाउँ क्षेत्रमा सडकमा ग्याबियन जाली लगाउने, मेसिनरी पर्खाल निर्माण गर्ने र सडक सुरक्षाका काम गरेर स्तरोन्नति गरिने गाउँपालिकाका सबइन्जिनियर विपिन आचार्यले जानकारी दिनुभयो। यसअघि गत वर्ष कोत्रबाङ बस्ती क्षेत्रमा छ सय ६० मिटर सडक कालोपत्र गरिसकिएको छभने दुई सय ५० मिटर सडक ढलान गरिएको छ। गाउँपालिकाको केन्द्र बाबियाचौरबाट वडा नं २ को हिदी जोड्ने बाबियाचौर-काफलचौर-सल्यान-भर्जुला हिदी सडकको भाइबुङ्गखोला काफलचौर खण्डमा सडक ढलान गर्न थालिएको छ।

कुल रु एक करोड बजेट विनियोजन भएको यस योजनामा ठेक्कामार्फत रु ९४ लाखमा ठेक्का लिएको मङ्गला कन्स्ट्रक्सन प्रालिले सडक ढलानको कामलाई तीव्र बनाएको छ। एक महिनादेखि कार्यक्षेत्रमा परिचालन भएको निर्माण कम्पनीले ग्याबियन जाली, मेसिनरी पर्खाल र प्लम पर्खाल लगाएर सडक ढलानको काम अघि बढाएको गाउँपालिकाका असिस्टेन्ट सबइन्जिनियर आचार्यले जानकारी दिनुभयो। उहाँका अनुसार यस सडकखण्डमा छ मिटर फराकिलो र एक सय १० मिटर सडकलाई यस वर्ष ढलान गरिनेछ। यस सडकखण्डमा यसअघि दुई सय ६० मिटर सडकलाई ढलान गरिसकिएको छ। पुलचोक-पिपलबोट-पाँखु-धारा-शिरकुम-टिकाबाङ मोटरबाटो स्तरोन्नति योजनामा ठेक्का लिएको डिभाइनलाइट आचार्य मङ्गला जेभीले ५० प्रतिशत निर्माण सकेको छ। पिपलबोट क्षेत्रमा सडक फराकिलो बनाएर ग्याबियन जाली, प्लम पर्खाल, मेसिनरी पर्खाल लगाएर सडक ग्राभेलसहित स्तरोन्नति गर्ने र मुहानेको उकालोमा दुई सय मिटर सडक ढलान गरिने गाउँपालिकाका सबइन्जिनियर रुचेन्द्र अधिकारीले जानकारी दिनुभयो। यस खण्डमा गत वर्ष हाँडेभिर नजिकको सडकमा ग्राभेल गरिएको थियो। मङ्गला शिक्षा क्याम्पसको छात्राबास भवनको ठेक्का लिएको आचार्य मङ्गला जेभीले गत वर्ष निर्माण सुरु भएको भवनलाई पूर्णता दिने र नयाँ एकतले भवन बनाउने कामलाई तीव्रता दिएको छ। यस योजनाबाट छात्राबास भवन क्षेत्रलाई मेसिनरी पर्खाल निर्माण गरेर घेराबार गर्ने योजना छ। गाउँपालिकाले यस वर्ष कुल एक सय १६ वटा पूर्वाधार निर्माणका योजना कार्यान्वनयमा ल्याएकामा अहिलेसम्म ७१ वटाको सम्झौता भएको र ४५ वटा सम्झौताको चरणमा रहेको प्रशासकीय अधिकृत सुदर्शन पौडेलले जानकारी दिनुभयो। "ठेक्का र उपभोक्ता समितिबाट कार्यान्वयन हुनेमध्ये सम्झौता भएका योजनामा धमाधम काम भइरहेको छ, बाँकी रहेका योजनाको लागत स्टिमेट तयार गर्ने काम भइरहेको छ", उहाँले भन्नुभयो। गाउँपालिकाले पूर्वाधार निर्माणतर्फ सडक, खानेपानी, सिँचाइ, पदमार्ग, भवन, निर्माणलगायत योजना छनोट गरेको छ।

# व्यासमा तीन सय छ्यानब्बे गर्भवतीलाई प्रोत्साहन रकम

**रासस**
तनहुँ, ८ चैत

जिल्लाको व्यास नगरपालिकाले तीन सय ९६ जना गर्भवतीलाई प्रोत्साहन रकम वितरण गरेको छ। नगरपालिकाले गत आर्थिक वर्षमा दुई सय ३० र चालु आवमा एक सय ६६ जनालाई प्रोत्साहन रकम वितरण गरेको हो।

गर्भवती पोषण सहयोग कार्यक्रमअन्तर्गत जनही रु पाँच हजारका दरले राहत दिने गरिएको नगरको महिला बालबालिका अपाङ्गता तथा ज्येष्ठ नागरिक उपशाखाले जनाएको छ। उक्त कार्यक्रम सुरु भएपछि व्यास नगरभित्र बाल मृत्युदर न्यून भएको शाखाकी अधिकृत राधा आचार्यले जानकारी दिनुभयो। उहाँका अनुसार गर्भवती भएपछि नगरपालिकाबाट प्रदान गरिने सुविधा प्राप्त गर्न आठ पटक (३२ हप्ता) सरकारी स्वास्थ्य संस्थामा गएर गर्भ जाँच गराएपछि उक्त सुविधा पाउन सकिन्छ। गत वर्ष र चालु आवको दोस्रो चौमासिकसम्म रु १९ लाख ८० हजार प्रोत्साहन रकम वितरण गरिसकिएको जनाउँदै उहाँले उक्त सुविधा लिन व्यास नगरपालिकामा स्थायी बसोबास र विवाह दर्ताको प्रमाणपत्र पेस गर्नुपर्ने बताउनुभयो। "समयसमयमा गरिने गर्भ जाँचले बाल मृत्युदर घट्नुका साथै कार्यक्रम प्रभावकारी बन्दै गएको छ।" कुनैकुनै महिलाले सात महिनामा बच्चा जन्माएमा सरकारी स्वास्थ्य संस्थाबाट प्रमाणित गरी ल्याएपछि प्रोत्साहन रकम पाउन सकिन्छ", उहाँले भन्नुभयो, "यस्ता घटना कम हुने गरेका छन्।" गर्भवती पोषण सहयोग कार्यक्रम प्रभावकारी बन्दै गएकाले उक्त कार्यक्रमलाई यस वर्ष पनि निरन्तरता दिइएको नगरप्रमुख बैकुण्ठ न्यौपानेले बताउनुभयो। "समयसमयमा गरिने गर्भ जाँचले आमा र बच्चा दुवैको अकालमा ज्यान जानबाट रोक्न सहयोग पुगेको छ, यस कार्यक्रमलाई आगामी वर्ष पनि निरन्तरता दिनेछौँ", उहाँले भन्नुभयो। नौ सय २७ लाई अपाङ्गता परिचयपत्र महिला बालबालिका अपाङ्गता तथा ज्येष्ठ नागरिक उपशाखाले नौ सय २७ जनालाई अपाङ्गता परिचयपत्र वितरण गरेको छ। गत आवमा आठ सय ९१ र चालु आवमा ३६ जनालाई परिचयपत्र प्रदान गरिएको अधिकृत आचार्यले बताउनुभयो।

# सम्झौताको दश महिनापछि पुल निर्माण सुरु

**पोखरापत्र संवाददाता**
दमौली, ८ चैत

भिमाद नगरपालिका-५ र ६ जोड्ने बुढुवाखोलामा पक्की पुल निर्माण सुरु भएको छ। सम्झौता भएको दश महिनापछि पक्की निर्माण सुरु भएको हो।

पुल रु दुई करोड ५९ लाख ५७ हजारमा विसं २०८१ जेठ २० गते १८ महिनामा निर्माण सम्पन्न गर्नेगरी जिल्ला पूर्वाधार विकास कार्यालय र निर्माण कम्पनी दीपज्योति शर्मा जेभीबीच सम्झौता भएको थियो। विसं २०८२ मङ्सिर २० गते निर्माण सम्पन्न गर्ने सम्झौता भएको छ। पुल निर्माणको शिलान्यास बिहीबार गण्डकी प्रदेशसभा सदस्य जितप्रकाश आलेले गर्नुभयो।

शृङ्गपथअन्तर्गत पर्ने उक्त पुल निर्माण भएपछि तनहुँसहित पाल्पा, नवलपुर र स्याङ्जा आवागमन सहज हुनेछ।


नेपाल सरकार
भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय
भूमि व्यवस्थापन तथा अभिलेख विभाग
मालपोत कार्यालय, कास्की

**मालपोत कार्यालय कास्की पोखराबाट प्रकाशित भएको हकदावी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना**

सूचना प्रकाशित मिति २०८१/१२/०७

कास्की जिल्ला मौजे उल्लेरी २ नं. का जि.मु. सरविर गुरुङ जिम्मा उल्लेरी साविक १९९० खेत तर्फको मोठ लगत उतार बमोजिम मोठ नं. ११० मोही नं. २० कित्ता नं. ५६ जि.मु. सुरविर गुरुङ दल बहादुरको नाउँमा साविक दर्ता भएको २०३५ सालसम्मको तिरो तिरेको भू.सु. ७ नं. फाराममा लगत दिएको सर्भे नापीमा भुम्दी वडा नं. ९ को कि.नं १८७, १९६, २०३ र २१० क्षे.फ. क्रमशः १-७-२-३, १-९-३-२, १-१२-०-१ र १-१३-१-२ का जग्गाहरु चुर्ण बहादुर गुरुङ्गको नाउँमा कि.का. भई फिल्डबुकमा कायम भएको मेरो नाउँमा रहेको उक्त जग्गाको हकदार म नै रहेको हुँदा मेरो नाउँमा छुट जग्गा दर्ता गरीपाउँ भनी कास्की जिल्ला साविक पुम्दीभुम्दी-९ हाल पोखरा म.न.पा. वडा नं. २२ बस्ने चुर्ण बहादुर गुरुङले यस कार्यालयमा एकलौटी माग निवेदन पेश गर्नुभएको हुँदा उक्त जग्गामा यस अघि कसैले कारवाही चलाएको भए वा निजको माग बमोजिम छुट जग्गा दर्ता गर्न नमिल्ने वा दर्ता हुन नपर्ने कुनै कारण भए वा तपशिलमा उल्लेखित जग्गामा अरु कसैको हक लाग्ने भए वा सरकारी सार्वजनिक पर्न गए यो सूचना प्रकाशित भएको मितिले ३५(पैतिस) दिनभित्र सवुद प्रमाण सहित दावी उजुरी गर्न आउनुहोला। अन्यथा कानुन बमोजिम भै जानेछ। पछि कसैको उजुर वाजुर लाग्ने छैन।

तपशिल

| जिल्ला | गा.वि.स. | वडा नं. | कित्ता नं. | क्षेत्रफल | विरह | किसिम | फिल्डबुकको व्यहोरा |
|---|---|---|---|---|---|---|---|
| कास्की | पुम्दीभुम्दी | ९ | १८७ | १-७-२-३ | धान | सिम | चुर्ण बहादुर गुरुङ |
| कास्की | | ९ | १९६ | १-९-३-२ | धान | सिम | |
| कास्की | | ९ | २०३ | १-१२-०-१ | धान | सिम | |
| कास्की | | ९ | २१० | १-१३-१-२ | धान | सिम | |

ईति संवत २०८१ साल चैत्र ०७ गते रोज ५ शुभम्।



**सार्वजनिक सुनुवाई कार्यक्रम सम्बन्धी सूचना**

(प्रथम पटक प्रकाशित मितिः २०८१/१२/०९)

उपरोक्त सम्बन्धमा गण्डकी प्रदेश, स्याङ्जा जिल्लाको डिभिजन वन कार्यलयद्धारा स्याङ्जा जिल्ला भित्र रहेका वनहरु व्यवस्थित गर्ने आवधिक योजना सहितको रणनीतिक योजना कार्यान्वयन गर्न लागिएको हुँदा उक्त कार्यसँग सम्बन्धित प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन (IEE) तयारीको लागि सार्वजनिक सुनुवाई कार्याक्रम हुन गइरहेको हुदाँ निम्न बमोजिमको मिति, समय र स्थानमा उपस्थीतिको लागि हार्दिक अनुरोध गर्दछौँ।

मितिः २०८१/१२/१२ गते मंगलबार
समयः बिहान ११:०० बजे
स्थानः डिभिजन वन कार्यालय, स्याङ्जाको प्राङ्गण

आयोजक
डिभिजन वन कार्यालय, स्याङ्जा
पुतलिबजार, स्याङ्जा, गण्डकी प्रदेश
सम्पर्क नं. ०६३-४२३१३५



त्रिभुवन विश्वविद्यालय
वन विज्ञान अध्ययन संस्थान
पोखरा क्याम्पस
पोखरा, नेपाल

**सेवा करारमा सुरक्षाकर्मी र कार्यालय सहयोगी सरहका पदको पदपूर्ति सम्बन्धी दरभाउपत्र आव्हानको सूचना।**

यस क्याम्पसका लागि संस्थागत सेवा करारमा ६ जना सुरक्षाकर्मी (गार्ड) र ३ जना कार्यालय सहयोगी सरहका कार्यालय (पियन/चौकीदार/महिला छात्रावास सरसफाई आदि) आवश्यक स्थानमा कामकाज गर्ने गरी ९ (नौं) जना जनशक्तिको पदपूर्ति गर्नुपर्ने भएको हुँदा कालो सूचिमा नपरेका, राष्ट्रिय रुपमा गुणस्तरिय सेवा उपलब्ध गराउदै आएका अनुभवी ईच्छुक नेपाल सरकारबाट आधिकारिक ईजाजत पत्रप्राप्त, सामाजिक सुरक्षा कोषमा आवद्ध फर्म, कम्पनी वा संस्थाहरुवाट मिति २०८१।१२।२४ गतेभित्र रीतपूर्वक शीलबन्दी दरभाउपत्र आव्हान गरिन्छ।

विस्तृत जनकारीका लागि यस क्याम्पसमा सम्पर्क राख्नुहोला।

निमित्त क्याम्पस प्रमुख